# ककनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### रानीपौवा, नुवाकोट, बागमती प्रदेश

# औषधि तथा औषधिजन्य सामग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**Contract No:07/SQ/Kakani/Medicine/2078-79**

**प्रथम पटक सुचना प्रकशन मिति : २०७८/०६/२०**

यस ककनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय रानीपौवा नुवाकोट आ.ब २०७८/७९ को शसर्त अनुदान बजेटको संघीय सरकारबाट स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस ककनी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागी आवश्यक पर्ने निशुल्क औषधि तथा औषधिजन्य सामान सिलबन्दी दरभाउ पत्रका माध्यमबाट आपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक औषधि खरिद बिक्री सम्बन्धी ईजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यवसायीले निम्न शर्तको अधीनमा रही दरभाउ पत्र खरिद गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१ दरभाउ पत्र फारम सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयबाट रु.१००० ।-(रु एक हजार मात्र) फिर्ता नहुने गरी तिरी अध्यावधिक गरेको व्यवसाय दर्ता ईजाजत पत्र, स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.ब ०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्र सहित निवेदन पेश गरेपछि नियमानुसार सम्बन्धित सिलबन्दी दरभाउ पत्र फारम उपलब्ध गराइनेछ ।

२ सिलबन्दी दरभाउ पत्र फारमसाथ लागत अनुमान अंकको ३ प्रतिशतले हुने रु.३९,०००।-धरौटी बापतको रकम कृषि बिकास बैंक लिमिटेड ककनी–४ रानीपौवामा अवस्थित धरौटी खाता नं.०२१३४०१२५१०३४०४२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको जमानत पत्र (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

३ टिपेक्स लगाएको तथा केरमेट गरेको सिलबन्दी दरभाउ पत्र मान्य हुनेछैन ।

४ सिलबन्दी दरभाउ पत्र दाताले दरभाउ पत्र फारममा दररेट उल्लेख गर्दा मु.अ.कर सहितको रकम उल्लेख गर्नुपर्नेछ ।

५ दरभाउ पत्र फारम राखेको खाममा लाहाछाप लगाई खामको बाहिरपट्टि आफ्नो फर्मको नाम ककनी गाउँपालिकाको नाम सम्बोधन गरी "ककनी गाउँपालिका औषधि आपूर्ति गर्ने सम्बन्धी कार्य गर्ने बारेको सिलबन्दी दरभाउ पत्र" भनि उल्लेख गर्नुपर्नेछ ।

६ **दरभाउपत्र दखिला गर्नुपर्ने स्थान : ककनी गाउँकार्यपालिकाको कार्यालय रानीपौवा, नुवाकोट ।**

७ दरभाउ पत्र दाखिला गर्नुपर्ने अन्तिम मितिः सूचना प्रकाशित मितिले १६ औं दिन अर्थात २०७८/०७/०४ गते दिनको १२:०० बजेभित्र ।

८ दरभाउ पत्र खोलिने मिति : सूचना प्रकाशित भएको मितिले १६ औं दिनको २:०० बजे सो दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट ।

९ **दरभाउ पत्र खोलिने स्थान : ककनी गाउँकार्यपालिकाको कार्यालय रानीपौवा, नुवाकोट ।**

१० दरभाउ पत्र खरिद गर्ने दाखिला गर्ने तथा खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा माथि उल्लेखित समयमा सो को भोलिपल्ट ।

११ सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने अथवा रद्ध गर्ने सम्पूर्ण अधिकार यस ककनी गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१२ औषधि आपूर्ति सम्झौता भएपछि आपूर्ति गर्ने अवधिभर कुनै पनि मुल्य वृद्धि गर्न दिईनेछैन ।

१३ नियमानुसार औषधि आपूर्ति सम्झौता भएपछि मात्र अन्य दरभाउ पत्र दाताहरुको धरौटी रकम फिर्ता दिइनेछ ।

१४ दररेट भर्दा अंक र अक्षरमा भर्नुपर्नेछ अंक र अक्षरमा लेखिएको दररेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१५ एक फर्मलाई एक भन्दा बढी दरभाउ पत्र खरिद गर्न दिइनेछैन ।

१६ यस सूचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१७ अन्य कुरा बुझ्नुपरेमा ककनी गाउँपालिका कार्यालयको स्वास्थ्य शाखाको यस नम्बरमा (९८६००६५४९०) सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

4x20=80